# लम्कीचुहा नगरपालिका भित्र मृत्यु भएका परिवारहरुलाई मलामी खर्च आर्थिक/सहायता कार्यविधि, २०८२

यस लम्कीचुहा नगरपालिका भित्र स्थायी रुपमा बसोबास गर्ने व्यक्तिहरुको कुनै दुर्घटना कालगति वा अन्य जुनसुकै कारणले मृत्युवरण भएमा निजको परिवारलाई राहत पुर्याउने उद्देश्यले निजको परिवारलाई मलामी खर्च उपलब्ध गराउन वान्छनीय भएकोले लम्कीचुहा नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिमको अधिकार प्रयोग गरि लम्कीचुहा नगरपालिका भित्र मृत्यूभएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता उपलब्ध गराउने सम्बन्धि कार्यविधि, २०८२ बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ:

(१) यस कार्यविधिको नाम " लम्कीचुहा नगरपालिका भित्र मृत्यु भएका परिवारहरुलाई मलामी खर्च आर्थिक/सहायता कार्यविधि, २०८२" रहेको छ

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा:

क) "मलामी खर्च आर्थिक सहायता" भन्नाले मृतकको परिवारलाई आ-आफ्नों जातिय परम्परा अनुसार गरिने मृत्यु संस्कार कार्यको लागि दिइने खर्च भन्ने बुझ्नुपर्दछ।

(ख) "परिवार" भन्नाले मृतकका एकाघरका सदस्य वा एकाघर सदस्य नभए निजको आफ्नै जातिय परम्परा बमोजिम मृत्यु संस्कार गर्ने व्यक्ति भन्ने बुझ्नुपर्दछ।

३ जिम्मेवारी सम्बन्धमा

मृत्युको सूचना तथा महाप्रस्थान यान मागका लागि नगर पालिकामा सूचना गर्ने जिम्मेवारी मृतकका घरपरिवारको हुनेछ। महाप्रस्थान यानको समयमै प्राप्तीका लागि सम्पर्क व्यक्ति र मोवाइल नं कार्यालयले तोक्नेछ।

४ लम्कीचुहा नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने घरपरिवारका सदस्यको दुर्घटना वा कालगति का अन्य जुनसुकै कारणले मृत्यु भएमा निजको परिवारका सदस्य, नातेदार वा हकवालालाई रु १०,०००/- (अक्षरेपी रु. दश हजार मात्र) मलामी खर्च आर्थिक सहायता बापतको रकम उपलब्ध गराइनेछ।

५. मलामी खर्च आर्थिक सहायता वापतको रकम पाउने आधारहरु:

(क) लम्कीचुहा नगरपालिका क्षेत्रभित्र स्थायी रुपले बसोबास गरेको हुनुपर्ने।

(ख) कुनै भवितव्य दुर्घटना, काल गति वा अन्य कारणले मृत्यु भएको हुनुपर्ने

(ग) मृतकको परिवारका सदस्यले मृत्यु भएको मिति देखि ३५ दिन भित्र मलामी खर्च वापतको रकम प्राप्त गर्न निवेदन पेश गरेको हुनुपर्ने।

६. मलामी खर्च आर्थिक सहायता वापतको रकम प्राप्त गर्न आवश्यक कागजातहरु:

(क) अनुसूची १ बमोजिमको निवेदन फारम

(ख)अनुसूची २ बमोजिमको मलामी खर्च आर्थिक सहायता उपलब्ध गराई दिने भनी सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) मृतक व्यक्तिको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(घ) मृतक व्यक्तिको मृत्युदर्ता प्रमाणपत्रको प्रतिलिपि

(ङ) मलामी खर्च आर्थिक सहायता प्राप्त गर्ने मृतकको हकवालाको नागरिकता प्रमाणपत्रको प्रतिलिपि साथै मृतक सँग पारिवारीक नाता खुल्ने अन्य कागजात

(च) मृतक नाबालक/नाबालिका भए निजको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी

(छ) मृतकको जन्मदर्ता र नागरिकता प्रमाणपत्र दवै नभएको र नबनेको भए वडाको यथार्थ विवरण उल्लेख गरेको स्थलगत सर्जमिन मृचुल्का र सिफारिस

(ज) मृतकको नागरिकता का जन्मदर्ता अर्कै जिल्ला वा पालिकाको वडाबाट जारी भएको भए यस लम्कीचुहा नगरपालिकाको वडामा बसाईसराईदर्ता भएको प्रमाणपत्रको प्रतिलिपी, तर

लम्कीचुहा नगरपालिका क्षेत्रभित्र बसोबास गरी बेवारिसे अवस्थामा रही कोही पनि परिवारको सदस्य नभएको व्यक्तिको हकमा भने वडा कार्यालयको सर्जमिन मुचुल्का र सिफारिसको आधारमा निज बसोबास गर्दैआएका घरधनी वा निजको जातिय परम्परा बमोजिम गरिने मृत्यु संस्कार गर्ने व्यक्तिलाई प्रदान गरिनेछ ।

७. मलामी खर्च आर्थिक सहायता बापतको रकम पेश्की लिने प्रक्रिया:

लम्कीचुहा नगरपालिका भित्र स्थायी बसोबास गर्ने व्यक्तिहरुको मृत्यु भएको अवस्थामा मलामी खर्च वापत उपलब्ध गराइने रु १०,०००। मृतकको शव दाहसंस्कार हुने दिन नै वितरण हुने व्यवस्था मिलाई कार्यालयबाट पेएकी दिई कर्मचारी खटाई नगदै रकम मृतकका नातेदारलाई उपलब्ध गराउनुपर्नेछ । सो प्रयोजनको लागि कार्यालयबाट कुनै कर्मचारीलाई मलामी खर्चको लागि नगदै पेश्की उपलब्ध गराउनु पर्नेछ र निज कर्मचारीले मृतकको घरमा गई उक्त रकम उपलब्ध गराउनुपर्नेछ । रकम फर्छयौट गर्ने दायित्व पेश्की लिने कर्मचारीको हुनेछ ।

८. मलामी खर्च आर्थिक सहायता बापतको रकम पेश्की फर्छयौट प्रक्रियामा मृतकको परिवारको जिम्मेवारी

सम्बन्धित मृतकका आफन्तले कुल धर्म अनुसारको काजकृया सम्पन्न गरि सके पछि लम्कीचुहा नगरपालिकाको कार्यालयमा उपस्थित भई यस अघि लिएको खर्च वापतको रकमको पेश्की फर्छयौटको लागि, निवेदन दिनुपर्नेछ र पेश्की लिई मृतकका परिवारलाई 'मलामी खर्च उपलब्ध गराउने कार्यालयको कर्मचारीलाई पेश्की फर्छयौटका लागी आवश्यक सहयोग गर्ने दायित्व मृतक पक्षको हुनेछ।

९, पेश्की लिने कर्मचारीले पेस्की फर्छयौट गर्दाको जिम्मेवारी:

मृतकको काजकृया सम्पन्न भएपश्चात ७ दिनभित्र निज मृतकका एकाघरका सदस्यहरुलाई मृत्युदर्ता लगायतका आवश्यक कागजातहरु बनाउन लगाई उक्त कागजातहरु संलग्न राखी पेश्की फर्छयौट गर्ने जिम्मेवारी लम्कीचुहा नगरपालिकाको कार्यालयद्वारा तोकिएको कर्मचारीको हुनेछ।

१०. विविध:

(क) यस कार्यविधिको अनुसूचीमा कार्यपालिकाले आवश्यक हेरफेर तथा थपघट गर्न सक्नेछ ।

(ख) यो कार्यविधिमा उल्लेख भएका प्रावधान र प्रक्रियाहरु स्थानिय सरकार संचालन ऐन, २०७४ र अन्य प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

(ग) कार्यपालिकाको बैठकले यस कार्यविधिमा आवश्यक संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

११. बाधा अड्काउ फुकाउ:

यस मलामी खर्च आर्थिक सहायता कार्यविधिको कार्यान्वयनको क्रममा कुनैपनि/प्रकारको बाधा अडकाउ आएमा नगर कार्यपालिकाको बैठकले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

अनुसुची - १

मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराउने कार्यक्रम

मलामी खर्च आर्थिक सहायता वापतको रकम लिन पेश गरिने निवेदनको ढाँचा

मिति:

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,

लम्कीचुहा नगरपालिकाको कार्यालय.

लम्कीचुहा नगरपालिका, भल्का कैलाली।

मेरो परिवारमा/तपसिलका विवरणमा संलग्न घटना भएकोले लम्कीचुहा नगरपालिका भित्र मृत्यू भएका परिवारहरुलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८२ बमोजिम मलामी खर्च आर्थिक सहायता उपलब्ध गरिदिनुहुन अनुरोध छ।

तपसिल

१. मृतकको नामथर:

२. नागरिकता प्र.पत्र नं. तथा ना.प्र.प. लिएको जिल्ला:

३. पति/पत्तीको नामथर र ना.प्र.प. नं.

४. परिवारको सदस्य संख्या:

५. मृत्यु भएको मिति:

६. मृत्युको कारण:

७. मृत्युदर्ता प्रमाणपत्र नं.

८. स्थायी ठेगाना:-

निवेदन :-

सही :-

नाम, थर

मृतकसँगको नाता :

अनुसुचि - २

श्री लम्कीचुहा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय,

भल्का , कैलाली ।

विषय: मलामी खर्च आर्थिक सहायता वापतको रकम उपलब्ध गराईदिनेसम्बन्धमा ।

प्रस्तुत विषयमा साविक ................................ गा.वि.स. वडा नं............ हाल लम्कीचुहा नगरपालिका वडा नं......... टोल.............. बस्ने श्री .........:.......... को नाति श्री .................... को छोरा/छोरी श्री .............................. को पति/पत्नी बर्ष ............श्री.............................मृत्यु मिति.................... गते ......................................... कारणले भएको हुँदा लम्कीचुहा नगरपालिका भित्र मृत्यु भएका परिवारलाई मलामी खर्च आर्थिक सहायता कार्यविधि, २०८२ बमोजिम मलामी खर्च आर्थिक सहायता वापतको खर्च रकम उपलब्ध गराईदिनुहुन सिफारिस साथ अनुरोध छ।

.........................

वडा अध्यक्ष

## अनुसुचि - ३

मलामी खर्च आर्थिक सहायता उपलब्ध गराउनुअघि तपसिल बमोजिमको मलामी खर्च आर्थिक सहायताको विवरण राख्नुपर्ने र आर्थिक सहायता उपलब्ध गराउनु प्रशासन शाखाबाट विवरण सहित आर्थिक प्रशासन शाखामा पठाउनुपर्नेछ।

तपसिल

| सि.न. | मृतकको नाम थर | ठेगाना | मृत्यु दर्ता भएको मिति | मृत्यु भएको मिति | निवेदकको नाम | मृतक सँगको नाता | मोबाइल नं. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |